नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

मिति:- २०७८/०९/११

पत्र सं.:-२०७८/०७९

चलानी नं.:- १९८

श्री स्थानीय तह (सबै)।

विषय:- मतदाता नामावली संकलन कार्यमा आवश्यक सहजिकरण गर्ने।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको च.नं. ५८ मिति २०७८/०९/०६ को मतदाता नामावली संकलन सम्बन्धी प्राप्त पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी पहिले मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका व्यक्तिहरुलाई मतदाता नामावलीमा दर्ता गर्ने सम्बन्धी कार्यमा आवश्यक सहजिकरण तथा समन्वय हुन निर्णयानुसार अनुरोध छ।

.............................

जनकराज शर्मा

शाखा अधिकृत

**बोधार्थ:**

श्री निर्वाचन आयोग, नेपाल- कान्तिपथ, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा:-Website मा Upload गरिदिनुहुन।

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. Ref:


मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

२०७८/७९/नामावली/२.१/ ५८

मिति: २०७८/०९/०६

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २६६४
दर्ता मिति:- ९/५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार ।

विषय:- <u>मतदाता नामावली संकलन विशेष कार्यक्रम सम्बन्धमा ।</u>

मतदाता नामावली संकलन विशेष कार्यक्रमका सम्बन्धमा निर्वाचन आयोगका माननीय निर्वाचन आयुक्त श्री इश्वरी प्रसाद पौडयालज्यूको संयोजकत्वमा मिति २०७८/०९/०६ मा बसेको केन्द्रीय समन्वय तथा अनुगमन समितिबाट तहाँ मन्त्रालयसँग सम्बन्धित देहाय वमोजिमका निर्णय भएको हुँदा आवश्यक समन्वय हुन अनुरोध छ ।

## निर्णयहरु

१. "कतिपय स्थानीय तहमा विभिन्न समस्याहरू भएतापनि सरोकारवाला निकायबाट भएको सक्रिय सहभागिता र समन्वयका कारण कार्यक्रम उत्साहपूर्वक ढङ्गले सञ्चालन भएको पाइयो । मिति २०७८।०९।१९ सम्म मतदाता नामावली सङ्कलन विशेष कार्यक्रमलाई थप प्रभावकारी वनाउन गृह मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने ।

२. साविकमा मतदाता नामावलीमा नाम दर्ता गरिसकेका मतदाताले पुनः नाम दर्ता गर्न नपर्ने हुनाले पहिले मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका व्यक्तिहरूलाई मतदाता नामावलीमा दर्ता गर्ने सम्बन्धमा सबै स्थानीय तहबाट प्रचार प्रसारको व्यवस्था मिलाउने गरी परिपत्र हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने ।

३. हिमाली र पहाडी जिल्लाका स्थानीय तहमा १० दिन र अन्य जिल्लाका स्थानीय तहमा १५ दिन स्थानीय तहको केन्द्रमा मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम सञ्चालन हुने गरी आयोगबाट निर्णय भएको तर कतिपय स्थानीय निकायबाट दर्ता दिन थप हुन र वडास्तरबाट मतदाता नामावली दर्ता गर्न अनुरोध भइ आइरहेको सन्दर्भमा आयोगबाट भएको निर्णय वमोजिम नै सम्बन्धित स्थानीय तहमा तोकिएको अवधिमा मतदाता नामावली सङ्कलनको कार्य गर्न गराउन आवश्यक समन्वय र सहजीकरणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने ।"

(नम्रता चुडाल)
शाखा अधिकृत